गौरीशंकर गाउँसभामा २०७७ साल असार १०  गते
गाउँपालिका उपाध्यक्ष उर्मिला थामीले
प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७७/ ०७८
# को
# बजेट वक्तव्य

गौरीशंकर गाउँपालिका

सुरी, दोलखा

बागमती प्रदेश, नेपाल

यस गाउँ सभाको अध्यक्ष ज्यु ,

प्रमुख अतिथी तथा अन्य अतिथी गणहरु,

सभाका सम्पुर्ण सदस्य ज्युहरु,

नेपालको संविधानको कार्यान्वयन सगै तीन तहका सरकार गठन भई सम्बृदि र विकास तर्फ अगाडी बढिरहेको सन्दर्भमा यस गौरीशंकर गाउँपालिकाको चौथो वर्षको सातौ गाउँ सभामा निति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु। मानवजातीको लागी विश्वव्यापी रुपमा परेको संकट र अविरल बर्षातको कारण सिर्जित असहज परिस्थिती विच यस गरिमामय गाउँ सभामा उपस्थित भई गाउँपालिकाको निति तथा कार्यक्रम प्रस्तुत गईरेको छु ।

यस महत्वपुर्ण घडिमा संघियता तथा गणतन्त्र प्राप्तिको संर्घषमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात महान शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहन्छु । नेपालको राष्ट्रियता अखण्डता स्वाधिन्ता र लोकतन्त्र प्राप्तिको अभियानमा नेतृत्व प्रदान गर्ने हाम्रा वीर पुर्खा तथा अग्रजहरु प्रति उच्च सम्मान गर्दै अग्रगामी रुपान्तरणमा वहाँहरुले पुर्‍याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु । साथै ऐतिहासिक तथ्य र प्रमाणको आधारमा लिम्पीया धुरा , लिपु लेक र कालापानी क्षेत्रको नक्सा सहित समावेश गरि नेपालको नक्सा जारी गरेकोमा सम्मानित प्रधानमन्त्री तथा नेपाल सरकार प्रति हार्दिक आभार व्यक्त गर्दछ ।

विश्व व्यापीरुपमा फैलिएको कोभिड १९ ( कोरोना भाईरस ) रोकथाम तथा नियन्त्रणको लागी नेपाल सरकारले घोषणा गरेको बन्दा बन्दी - लक डाउन) को कारणले शैक्षिक क्षेत्र , भौतिक निर्माण पुर्वाधार विकास , सामाजिक , आर्थिक , मनोवैज्ञानिक , उद्योग , पर्यटन , कृषि , बैकिङ क्षेत्रमा पुगेको असरले निर्धारित योजना तथा कार्यक्रमहरु संचालन गर्न असहजता रहेता पनि यस्तो विषम परिस्थितीमा आफ्नो जिम्मेवारीमा प्रतिवद्ध रहि कार्यक्षेत्रमा लाग्नुहुने जनप्रतिनिधी ज्युहरु , स्वास्थ्य कर्मीहरु , सुरक्षाकर्मीहरु , एम्बुलेन्स तथा अन्य सवारी चालकहरु , स्वदेश तथा विदेशबाट आफनो घर फर्किएका तथा सम्पुर्ण गौरीशकंर वासीले नेपाल सरकारको निर्णय बमोजिम आफ्नै घर तथा एकान्तावासमा बसी कोरोना भाईरस संक्रमणबाट बच्नको लागी गर्नुभएको योगदानको उच्च कदर गर्दछ ।

## आ.व.२०७६/७७ को समिक्षात्मक गतिविधीहरु :

१ .गाउँपालिकाको तर्जुमा गर्नु पर्ने भनि पहिचान गरिएका कानुनहरु मध्ये आवश्यताका आधारमा १० वटा ऐन तथा सो ऐनलाई प्रभावकारी कार्यान्वन गर्नको लागी २३ वटा कार्यविधी निर्देशिका तथा नियमावाली जारी भई कार्यान्वनमा आईसकेको छन ।

२.कोभिड १९ ( कोरोना भाईरस ) बाढी पहिरो आगकालागी र प्राकृतिक प्रकोपबाट पिडित नागरिकलाई राहत उपलब्ध गराउन तथा उद्धारमा सहयोग गर्न गाउँपालिकाको विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन ,२०७५ र विपद व्यवस्थापन कोष संचालन कार्यविधी ,२०७६ जारी भई गाउँपालिका विपद व्यवस्थापन कोष संचालन ल्याइएकोछ ।

३.गौरीशकंर गाउपालिका भित्र कोरोना भाईरस रोकथामको लागी विदेशबाट फर्किएका तथा संकास्पद व्यक्तिहरुलाई ५८ जनालाई पिसिआर र १०४ जनालाई आरडिटी टेष्ट गरिएकोछ । र विदेशबाट आएका व्यक्तिहलाई क्वारेनटाइनमा राख्नको लागी विद्यालयहरु सगँ समन्व गरि आवश्यक प्रबन्ध मिलाईएको छ ।

४.गौरीशंकर गाउँपालिकाको हाल सम्म सडकको संजाल नजोडिएको क्षेत्र वडा नं. ९मा सडक विस्तार कार्य सुरु गरिएकोछ साथै स्तोरन्नोतीको कार्य भएको छ ।

५. गौरीशंकर गाउँपालिकाको वडा नं. ८ मा ५० प्रतिशत घरधुरी लाभान्वित हुने गरी सिकारीवास खानेपानी निर्माण कार्य सुरु गरिएकोछ ।

६. गौरीशंकर गाउँपालिकाले आफनै नव निर्मित प्रशासन भवनबाट सेवा प्रवाह गरेकोछ ।

७. गौरीशंकर गाउँपालिकाको ६ वटा वडा कार्यालय भवन निर्माण कार्य भईरहेको छ ।

८. गौरीशंकर गाउँपलिकामा न्यायिक समिति मार्फत ३३ वटा विवादका विषयहरुलाई निरोपन गरिएको छ ।

९. शिक्षा क्षेत्रमा भौतिक निर्माणको कार्यहरु सगै नेपाल सरकारले घोषणा गरेको बन्दा बन्दीको कारणले तोकिएको तालिकामा रोकिएको परिक्षा दिन आएको एस एल सि परिक्षार्थीहरुलाई आ आफनो घर सम्म पुर्याउने व्यवस्था मिलाएको छ ।

१०. गौरीशंकर गाउँपालिकाको मेघा प्रोजेक्टको रुपमा रहेको हाइटेक नर्सरीको निर्माण कार्य भईरहेको छ ।

११.गाउँपालिकाको आफ्नो १० वर्षे गुरुयोजना निर्माण ( २०७५-२०८५) भएको र त्यसैको आधारमा कार्यनिती र रणनिती अवलम्बन गरी योजनावद्ध रुपमा अगाडी बढिरहेको छ । गाउँपालिकाको शिक्षा कृषि स्वास्थ्य तथा पुर्वाधार विकासको क्षेत्रमा विषेश प्राथामिकता दिई हाल महामारी रुपमा फैलिएको कोरोना भाईरस नियन्त्रण तथा रोकथामको लागी आफनो

कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । सो प्राथमिकताको आधारहरुलाई आगामी दिनमा पनि अपाइनेछ ।

हाम्रो गाउँपालिकाले आगामी दिनमा गाउँपालिकालाई कसरी विकास गतिमा अगाडी बढाइ सम्बृदि नेपाल सुखी नेपाली निर्माणमा सहयोग पुर्‍याउन सकिन्छ भन्ने हेतुले गाउँपालिकाले तयार गरेको निति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।

## कृषि तथा पशुपंक्षी तर्फ

१. गाउँपालिका भित्र रोजगारी श्रृजनागर्ने उदेश्यले आयमुलक सिप विकासका तालिमहरु संचालन गरिनेछ । कृषि क्षेत्रलाई दिगो विकासको आधारको रुपमा लिई यस क्षेत्रलाई अगाडी बढाउनको लागी कृषिको व्यवसायीकरण विविधीकरण एंव विकासको लागी तालिम तथा प्रशिक्षण कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।

२.गाउँपालिका भित्र भएका खानीजन्य वस्तुको संरक्षण विकास र उत्खन्नको सम्भाव्यता अध्ययनको लागी सघिय तथा प्रदेश सरकार समक्ष आवश्यक पहल गरिनेछ ।

३.कृषिमा आधारित उद्योगहरुको विकासको लागी युवा लक्षित कार्यक्रम संचालन गरी युवाहरुलाई उद्यममा आकर्षित गर्ने कार्यक्रहरु संचालनमा ल्याईनेछ ।

४.जलवायु परिर्वतनलाई कृषिमा अनुकुलन गर्दै कृषि जैविक विविधताको संरक्षण , सम्वर्दन तथा उपयोगमा वृद्धि गर्ने कार्यक्रममा प्राथामिकता गरिने निती लिइनेछ ।

५.बाखा पालन , चौरीपालन , भेडापालन , गाईपालन , लोकल कुखुरापालन , टर्की पालन , कालिज पालन लगायतका अन्य पशु तथा पंक्षीपालन व्यवसायलाई आधुनिकीकरण र व्यवसायीकरण गरिनेछ ।

६.राष्ट्रको तिन खम्बे अर्थ निति अनुरुप कृषि क्षेत्रमा कार्यरत सरकारी , निजी र सरकारी तथा गैर सरकारी संस्थाहरु विच समन्वय र सहकार्य गर्दै साझेदारीमा कृषिजन्य कार्यक्रमहरु संचालन गरिनेछ ।

७.कृषकहरुको घरदैलोमा आधुनिक कृषि प्रविधी पुर्याउन हरेक वडामा कृषि प्रावधिकहरु व्यवस्थापन भएकोले अगुवा कृषकहरुको लागी कृषक पाठशालाहरु सांचलन गरिनेछ र गाउँपालिकामा डिजिटल मोवाईल तथा माटो ल्यावको व्यवस्थापन तथा संचालन गरिनेछ ।

८.गाउँपालिकाको स्थानिय उत्पादनको संरक्षण तथा निकासी प्रवर्द्धन गर्न संघिय तथा प्रदेश सरकार सगँ समन्वय लागी पहल गरिनेछ । गाउँपालिका भित्र रहेको स्थानिय स्तरमा पाईने विभिन्न प्रजाती तथा उन्नत जातका विउको संरक्षणको लागी सामुदायिक विउ वैकको स्थापना कार्यन्वयनमा ल्याइनेछ ।

९.गौरीशंकर गाउँपालिका भित्र रहेका विभिन्न धार्मिक , सास्कृतिक , ऐतिहासिकरुपमा रहको मठ मन्दिर , गुम्वा , स्मृती प्रतिष्ठान जस्ता ऐतिहासिह धरोहरको संरक्षण , सर्म्वदन तथा व्यवस्थापनको लागी आवश्यक सहयोग गरिनेछ ।

१०.एक वडा एक उत्पादन कार्यक्रमलाई विशेष प्राथामिकता दिदै कृषि कार्यक्रमहरु अगाडी बढाइनेछ । किवी जोन , आलु जोन लगायतका फलफुल खेतीलाई विशेष प्राथामिकता दिई पकेट क्षेत्रहरुको विकास गरिनेछ ।

११.स्थानीय स्तरमा पाईने जडिबुटि तथा बनस्पतिहरुको संरक्षण सम्वर्द्धन गर्दै यसलाई स्थानीय स्तरको आन्तरिक आम्दानी बढाउने तर्फ लक्षित गरि कार्यक्रम ल्याइने छ ।

१२. बेमौषमी तरकारी खेतीका कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।कृषि सहकारीलाई विशेष प्राथामिकता दिई सहकारी मार्फत विभिन्न कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।

१३.कृषक तालिम तथा कृषक परिचय पत्र वितरण कार्यक्रमलाई कार्यान्वयनमा ल्याइनेछ ।

१४. गाउँपालिकामा हाईटेक नर्सरी निर्माण भईरहको हुदा सो कार्यक्रम संचालन लाई विस्तार गरिनेछ र नमुना कृषि तथा पशु फर्म , कृषि सहकारीहरुलाई प्राथमिकता साथ विकास गरिनेछ । साथै पशु विकासको लागी नश्ल सुधार गरी उन्नत जातको पशु पालन व्यवसायलाई विकास गरिनेछ ।

१५.गाउँपालिकामा विउ , नश्ल , औजार , प्रविधी, उत्पादन , भण्डारण , प्रारम्भिक प्रशोधन र बजारीकरण इकाइको विकास गरिनेछ । कृषि उपजको मुल्य श्रृङखलामा सुचना प्रविधीको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

१६.कोभिड १९ ( कोरोना भाईरस )का कारण बैदेशिक रोजगार गुमाएर स्वदेश फर्किएका जनशक्तिहरुलाई कृषिमा लगाई युवा रोजगार विशेष कार्यक्रम संचालनमा ल्याईनेछ ।

१७.गाउँपालिका भित्र कृषि प्रणालीलाई व्यवस्थित गरी सामुहिक खेती विस्तार कार्यक्रम संचालन गरिनेछ । साथै गौरीशंकर गाउँपालिकालाई अग्रानिक गाउँपालिका बनाउनको लागी विशेष किसिमको कार्यक्रम संचालन गरिनेछ ।

**१८.स्वदेशी वस्तुको उपभोग गरौ , आन्तरिक उत्पादनलाई प्रोत्साहन गरौ भन्ने राष्ट्रिय नितीलाई कार्यान्वयनमा ल्याई** संचालन गर्न कृषि क्षेत्रलाई थप आधुनिकरण , यान्त्रीकरण र विशिष्टीकरण गरी उत्पादकत्व तथा उत्पादन बृद्धिमा जोड दिईनेछ ।

**जल विद्युत तथा उर्जा**

१९.गाउँपालिकाले आफनो गाउँपालिका भित्र रहेका जलविद्युत उत्पादनको सम्भाव्यता अध्ययन गर्दै गाउँपालिकाले लघु जलविद्युत उत्पादनमा प्राथामिकता दिई जनताको लगानी समेत सुनिश्चित गरिनेछ ।

२०.नेपाल विद्युत प्राधिकरणसंग आवश्यक समन्वय र सहकार्य गरि गाउँपालिकाको सम्पुर्ण वडाहरुमा केन्द्रिय प्रसारण लाइन विस्तार गरिनेछ ।

## शिक्षा

२१.यस आर्थिक वर्ष भित्र गाउँपालिका  कम्तिमा एक प्राविधिक विद्यालय स्थापना गरी संचालनमा ल्याइनेछ  र सो को लागी गाउँपालिकाले व्यवस्थापनमा सहयोग गर्नेछ ।

२२.गाउँपालिकाको शैक्षिक गुणस्तरलाई बृद्धि गर्न उचित वातावरणको स्थापना गरिनेछ । पालिका भित्र रहेका विद्यालय , विद्यार्थी संख्या र शिक्षक संख्यालाई  मध्यनजर राख्दै गाउँपालिकाले आवश्यक मापदण्ड निर्धारण गरी शिक्षक संख्या कमी रहेका विद्यालयमा शिक्षक परिपुर्ति गर्ने किसिमको कार्यक्रम संचालन गरिनेछ ।

२३.कम्तीमा आधारभुत तथा माध्यमिक विद्यालयमा अनिवार्य रुपमा पुस्तकालयको स्थापना गरिनेछ ।

२४.गाउँपालिका भित्र राम्रो नतिजा ल्याउन सफल शिक्षक तथा विद्यालयलाई पुरस्कृत गरिने व्यवस्था मिलाईनेछ ,

२५ स्थानिय विषय वस्तु समेटी स्थानिय पाठ्यक्रम तयार गरी लागु गरिनेछ ।

२६. गौरीशंकर गाउँपालिका स्थायी ठेगना भई हाल देश तथा प्रवासमा बसोवास गरि PHD होल्डरहरुलाई सम्मानका कार्यक्रम संचालन मा ल्याइनेछ ।

२७. गाउँपालिका भित्र संचालित सरकारी सामदायिक विद्यालयहरुमा क्रमश प्रविधी मैत्री कक्षा संचालन गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

२८.शिक्षक विद्यार्थीको अर्न्तनिहित प्रतिभाको प्रस्टफुटनको लागी पालिका स्तरीय अत्तिरिक्त क्रियाकलाप संचालनमा ल्याइनेछ ।

२९. विद्यालय तहमा उत्कृष्ट गरिव , जेहेनदार विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनमा छात्रावृद्धि व्यवस्था मिलाईनेछ ।

## पुर्वाधार विकास  तर्फ

३०.गौरीशंकर गाउँपालिकाको सम्पुर्ण वडाहरु छुने गरि गौरीशंकर चक्रपथ सडक संजालमा जोडी स्तोरनोन्ती गर्नको लागी  संघीय तथा प्रादेशिक सरकार समक्ष माग गरिनेछ ।

३१.गाउँपालिकाको केन्द्र देखी वडा कार्यालय जोडेने मुख्य सडकहरुको स्तरोन्ती गरि बाह्रै महिना गाडी चल्न सक्ने गरी सडकको स्तरोनोन्ती गरिनेछ ।

३२.गौरीशंकर परिक्रमण पथ , सोथली बुद्ध पार्क , चर्दुङ चार धाम , हनुमन्ते डाडाँमा हनुमानको मुर्ति निर्माणको लागी संघ तथा प्रदेश सरकार सगँ समन्वय गरि अगाडी बढाईनेछ ।

३३.रोवालिङ हिमालयन विद्यालय स्थापनाका लागी संघिय तथा प्रादेशिक सरकार सगँ पहल गरिनेछ ।

३४.गाउँपालिकाबाट प्रवाह हुने सेवालाई सहज र सरल बनाउन पक्की भवनको निर्माण गरिनेछ । हाल ६ वटा वडा कार्यालयहरु निर्माण भईरहेको र आ.व. २०७७/७८मा सवै वडा कार्यालयमा प्रशासनिक भवन निर्माण कार्य सम्पन्न गरिनेछ ।

३५.पर्यटकीय क्षेत्र सम्म जोड्ने सडकहरु निर्माण र चमार -चंखु -कोञाङ हुदै रामेछाप चुचुरे जोडिने तथा अन्तर पालिका तथा अन्तर जिल्ला जोडिने सडकको लागी संघिय तथा प्रादेशिक सरकारसगँ पहल गरिनेछ

**३६.“एक घर एक धारा”** को लक्ष्यलाई पुरा गर्न खानेपानी आयोजना निर्माणलाई विशेष प्राथामिकता दिई ठुला खानेपानी आयोजनाहरुको सम्भाव्यता अध्ययन गरि आयोजना निर्माण प्रकृया अगाडी बढाईनेछ ।

३७.गाउँपालिका भित्रका प्रत्येक वडामा कमतिमा एक/एक वटा एकीकृत बस्तीहरुको सम्भाव्यता अध्ययन गरि एकीकृत बस्ती विकासको लगाी संघिय तथा प्रादेशिक सरकार सगँ पहल गरिनेछ ।

३८.यस क्षेत्रमा रहेको जडिबुटि तथा अन्य वस्तुको उत्पादन बृद्धि गर्न औद्योगिक ग्राम स्थापना गर्न संघिय तथा प्रादेशिक सरकार सगँ समन्वय गरिनेछ ।

३९.आपत्तकालिन अवस्थामा तत्काल उद्धार गर्नको लागी गाउँपालिकामा केन्द्र आसपास एक र प्रत्येक वडामा हेलिप्याडको निर्माण गरिनेछ ।

४०. गाउँपालिका भित्र रहेका भुमिहिन ( सुकुम्बासी ) समस्यालाई संघीय सरकार र प्रादेशिक सरकार सगँ समन्वय गरि समधान गर्न पहल गरिनेछ ।

४१.गाउँपालिकाको आफ्नो कार्यलय भवन( प्रि फाइफ ) निर्माण भई आफनै कार्यालयबाट सेवा प्रदान गरिएको छ । निकट भविष्यमा गाउँपालिकाको पक्की भवन निर्माण गरि कार्यालयको दैनिकी प्रशासनिक कार्य संचालनमा ल्याइनेछ ।

## <u>जलस्रोत तथा सिचाई तर्फ</u>

४२.लघु तथा साना सिचाँई कार्यक्रमलाई विशेष प्रथामिकता  दिदै सम्पुर्ण कृषियोग्य भुमिमा सिचाँई पुर्‍याउने उदेश्यका साथ कार्यक्रम अगाडी बढाईनेछ ।

४३.गाउँपालिका भित्र रहेका सम्पुर्ण खानेपानीका मुहानको संरक्षण र सम्वर्दनमा विशेष ध्यान दिईनेछ ।

**<u>संस्कृति तथा पर्यटन</u>**

४४.गाउँपालिकाको विशेष सम्भावना भएका चंखु -मार्वु-च्छोरोल्पा , खारे -सोथली -च्छोरोल्पा , टासीनाम-  सिमीगाउँ -च्छोरोल्पा , मार्वु -छोकुम- च्छोरोल्पा  , मार्वु -गोसा- याले हुदै पाचखोरी , चेर्दुङ लगायतका पर्यटकीय पदमार्गहरुको निर्माण तथा स्तरोन्नतीको कार्यलाई अगाडी बढाईनेछ ।

४५.तामाकोशी नदीमा व्यवसायीकरुपमा र्याफि्टङ संचालन गर्नको लागी आउने व्यवसायीहरुलाई प्रोत्साहन गर्न गाउँपालिकाले आवश्यक सहयोग गर्नेछ ।

४६. नेपालको लोपन्मुख जाति सुरेल संग्रालय निर्माण भइरहेको तथा ऐतिहासिक , पुरातात्विक धार्मिक स्थलहरुको संरक्षण र सर्म्वदन गर्दै सांस्कृतिक झल्कने संग्रहलयहरुको निर्माण तथा व्यवस्थापन गरिनेछ ।

४७.पौराणिकरुपमा चल्दै आएको सिल्प कलाहरुलाई संरक्षण , सम्वर्दन गरि आधुनिकीकरण गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।

४८.यस गाउँपालिकालाई रेडपाण्डा कस्तुरी उद्यान र हाइड्रोको हवको रुपमा विकास गर्न संघिय तथा प्रादेशिक  सरकार सगँ आवश्यक समन्वय गरि पर्यटन क्षेत्रलाई  विशेष प्राथामिकताका साथ अगाडी बढाईनेछ ।

४९.लुआङसा -च्योजी -गोसा -बर्मुचेडाडाँ -धुपिनी -याले हुदै पाथीभरा च्छोरोल्पा र पर्यटन सडक तथा पदमार्ग  विकास गरी पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।

**<u>स्वास्थ्य</u>**

५०.हाल विश्वमा महामारीको रुपमा फैलिएको कोभिड १९ ( कोरोना भाईरस ) नियन्त्रण तथा रोकथामको लागी नेपाल सरकारले अवलम्वन गरेको स्पष्ट रणनितीलाई कार्यान्वयन गरि कोरोना मुक्त गाउँपालिका बनाउने अभियान संचालन गरिनेछ ।

५१.क्वारान्टाइनलाई अझ व्यवस्थापन गरि काठमान्डौ तथा बैदेशिक रोजगारमा रहेको आफ्ना नागरिकलाई उद्धार गरिनेछ ।

५२.सर्वसाधारणलाई आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवाबाट बचिंत हुन नदिन आवश्यक प्रबन्धको व्यवस्था मिलाईनेछ ।

५३. एम्बुलेन्स संचालन कार्यविधीलाई अझ प्रभावकारीरुपमा संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

५४.दिर्घरोगीहरुलाई औषधी वितरण कार्यक्रम संचालन भएको र सो कार्यक्रम विपन्न , आर्थिक न्युन भएको व्यक्तिहरुको पहिचान गरि कार्यक्रम संचालनमा ल्याइनेछ ।

५५.स्वास्थय सेवाको मेरुदण्डको रुपमा काम गर्दै आउनु भएका महिला स्वास्थ्य स्वयम सेविकालाई सम्मानजनक रुपमा विभिन्न किसिमका प्रोत्साहनको व्यवस्था मिलाईनेछ ।

५६.प्राथमिक स्वास्थ्य केन्द्र , स्वा. चौकी , आधारभुत स्वा. केन्द्र र सामुदायिक स्वास्थ्य इकाई लाई स्तोन्नोती गरी सेवा प्रवाहमा थप प्रभावकारी ल्याइनेछ ।

५७.स्वास्थ्य कर्मीहरुको क्षमता विकास तथा अभिवृद्धिका लागी विभिन्न किसिमका तालिमको व्यवस्था मिलाईनेछ ।

५८.सुत्केरी आमा तथा नवजात शिशुको स्वास्थ्यलाई मध्यनजर गर्दै सुत्केरी आमा भेट कार्यक्रम संचालन भईसकेको र उक्त कार्यक्रमलाई निरन्तरता दिईने व्यवस्था मिलाईनेछ ।

५९. भौगोलिक विकटतालाई मध्यनजर गर्दै आवश्यकीय ठाउँहरुमा स्वास्थ्यको पहुँच पुर्‍याउन घुम्ती सिविर तथा अन्य कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।

६०.जेष्ठ नागरिकहरुलाई लक्षित गरी घरदैलो स्वास्थ्य सेवा कार्यक्रम संचालन गरिनेछ ।

**युवा तथा खेलकुद तर्फ**

६१.गाउँपालिकाको केन्द्रमा एक गाउँपालिका स्तरिय खेलकुद मैदान निर्माण गरिनेछ र प्रत्येक वडाहरुमा कम्तीमा एक खेलकुद मैदान निर्माण गरिनेछ ।

६२.हरेक वर्ष गाउँपालिकामा पालिका स्तरीय एक खेलकुद कार्यक्रम संचालन गरिनेछ ।

६३. राष्ट्रिय तथा अर्न्तराष्ट्रियरुपमा ख्याति प्राप्त पालिकाको खेलाडीहरुलाई सम्मान गरिनेछ ।

६४. विद्यालयमा खेलकुद शिक्षक तथा खेलाडीहरुलाई सम्बधित खेल तालिमको व्यवस्था गरिनेछ ।

**महिला तथा लक्षित वर्ग तर्फ**

६५. महिलाहरुलाई आयआर्जनमा वृद्धि गर्नको लागी सहयोग पुग्ने किसिमका कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।

६६.युवाहरुमा सिपमुलक तथा आयमुलक कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गरिनेछ ।

६७.एकल महिलाहरु सगँ लक्षित गरी विभिन्न किसिममा आय मुलक कार्यक्रमहरु क्षमता विकासका कार्यक्रम सिपमुलक तालिम कार्यक्रम संचालनमा ल्याइनेछ ।

६८ गौरीशंकर गाउँपालिकालाई बाल मैत्री, बाल विवाह मुक्त  बनाउन बालबालिका सम्बन्धी विशेष कार्याक्रम संचालनमा ल्याइनेछ ।

६९. विशिष्ट क्षमता भएका व्यक्तिहरु लक्षित गरि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

७०. गाउँपालिकामा रहेको अन्धविश्वास , कुरिती , कुप्रथा , विभेद जस्ता प्रथाहरुलाई अन्त्यको निमित्त विशेष किसिमका कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।

७१. गाउँपालिका भित्र रहेका पुर्ण अपाङग रहेको परिवारको सदस्यलाई आयमुलक सिपको विकास गरि रोजगारको सिर्जना गरिनेछ साथै अपाङग मैत्री गाउँपालिका निर्माण गर्न आवश्यक व्यवस्था गरिनेछ ।

७२. पराम्पगत रुपमा चल्दै आएको दलित लक्षित सिपहरुको संरक्षण गर्नको लागी गाउँपालिका स्तररिय तालिम केन्द्रको स्थापना गर्न व्यवस्था मिलाईनेछ ।

## कानुन तर्फ

७३.नेपालको संविधानले स्थानिय तहको अधिकार अन्तगर्त अनुसुचीमा व्यवस्था गरेका विषयसगँ निर्माण गर्नपर्ने कानुनहरुको तर्जुमा गरिनेछ ।

७४. मेलमिलापकर्ताहरुको व्यवस्थितरुपमा अध्यावद्यिक गरी मेलमिलाप समितिका सदस्यहरुलाई क्षमता अविबृद्धि गरीने कार्यक्रम संचालनमा ल्याइनेछ ।

७५. वडास्तरमा मेलमिलाप समितिलाई संस्थागत विकासको लागि आवश्यक प्रबन्ध गरिनेछ ।

७६. गाउँपालिका भित्रका मुख्य तथा ग्रामिण सडकहरुको आसपासमा भवननिर्माण सम्वन्धी मापदण्ड  निर्माण गरि कार्यान्यवनमा ल्याइनेछ ।

७७. न्यायिक समितिलाई प्रभावकारीरुपमा कार्य गर्नको लागी आवश्यक कर्मचारीको व्यवस्था गरिनेछ ।

७८. एकल महिला जेष्ठ नागरिक विशिष्ट क्षमता भएका व्यक्तिहरुलाई कानुनी साक्षरता कार्यक्रम संचालन गर्ने व्यवस्था गरिनेछ ।

## अनुगमन तर्फ

७९.गाउँपालिका भित्र संचालन हुने सम्पुर्ण योजना तथा कार्यक्रमहरुको निरन्तर अनुगमन गरी अनुगमन कार्यलाई प्रभावकारी बनाउदै लगिनेछ ।

## सुचना प्रविधी तथा संचार

८०.गाउँपालिका भित्रका सम्पुर्ण वडा कार्यालयहरुमा इन्टरनेटको सहज पहुँच पुर्‍याईनेछ । व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा भत्ता कार्यक्रम विद्युतिय प्रणालीबाट संचालन गरिनेछ । गाउँपालिका तथा यस मातहतका कार्यालयबाट प्रवाह हुने सेवालाई पारदर्शी र प्रभावकारी बनाईनेछ ।

८१. इन्टरनेटको सहजताको पहुँच पश्चात हरेक वडामा विद्युतिय हुलाक प्रविधी ( इमेल ) मार्फत गाउँपालिकामा उपलब्ध भएका सुचनाहरु सम्प्रेशन गर्ने व्यवस्था मिलाईनेछ।

८२.सुचना प्रविधि मैत्री गाउँपालिका निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।

८३.सुचना सेवा केन्द्रको स्थापना गरि व्यवस्थापन गरिनेछ । साथै जिल्ला स्तरिय सरकारी तथा गैह्र सरकारी कार्यालयहरुमा आवश्यक प्रक्रियाकोबारेमा सुचना सेवा केन्द्र मार्फत आवश्यक परार्मश दिइने व्यवस्था मिलाइनेछ ।

८४. गाउँपालिका कार्यालय, वडा कार्यालय , पालिका भित्र रहेका माध्यमिक विद्यालयहरुमा सि.सि. क्यामेरा तथा डिजिटल बोर्ड को व्यवस्था गरिनेछ ।

८५. ICT सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

८६. गाउँपालिका कार्यालयमा दर्ता चालनी , योजना , व्लक एस.एम.एस र लेखा व्यवस्थापन प्रणलीलाई विद्युतीय माध्यमबाट संचालनमा ल्याइनेछ ।

८७. गौरीशंकर गाउँपालिका परिसरमा फ्रि वाईफाई जोनको सुविधा दिने व्यवस्था मिलाईनेछ ।

८८. ई -गवरनेन्स , साईवर सेकुरेटी सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

## सुशासन तर्फ

८९.गाउँपालिका भित्र संचालन हुने आयोजनाहरुको अनुगमन तथा मुल्याकंनलाई प्रभावकारी बनाईनेछ ।

९०.गाउँपालिका तथा यस अर्न्तगतका कार्यालयहरुबाट प्रवाह हुने सेवामा प्रभावकारीता ल्याउन प्रत्येक कार्यालयहरुमा नागरिक वडापत्रको अनिवार्य व्यवस्था गरिनेछ ।

९१.न्यायिक समितिको भुमिकालाई प्रभावकारी बनाउन विभिन्न किसिमका कार्यक्रमहरु संचालन गरिनेछ ।

९२.न्यायिक समिति प्रहरी र महिला समुहहरुको समन्वयमा महिला हिसां बालविबाह तथा सामाजिक विभेदलाई न्युनिकरण गर्न विभिन्न किसिमका कार्यक्रमहरु अगाडी बढाइनेछ ।

९३.गाउँपालिकालाई लगानी मैत्री गाउँपालिकाको रुपमा विकास गरी गाउँपालिकामा बढि भन्दा बढि लगानी भित्र्याने वातावरण मिलाईनेछ ।

९४.गाउँपालिका भित्र कार्यक्षेत्र बनाई काम गर्ने गैर सरकारी क्षेत्रहरुसगँ साझेदारीमा विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

## उद्योग, वन तथा वातावरण र राजस्व तर्फ

९५. यस क्षेत्रमा रहेको खानीहरुलाई सम्भाव्यता अध्ययन गरि उद्योगहरुको संचालन गरिने व्यवस्था मिलाईने छ ।

९६. यस क्षेत्रमा भएको साना तथा घरेलु उद्योग व्यवसायहरुलाई दर्ता प्रकृयामा ल्याई आवश्यक सहयोग गरी रोजगारीको सिर्जना गरिनेछ ।

गौरीशंकर गाउँपालिकाको समग्र विकासका लागी यो निति तथा कार्यक्रम कोसे ढुङगा सावित हुने विश्वास लिएको छु। यो निति तथा कार्यक्रमको कार्यान्वयनमा गाउँपालिकालाई सवै क्षेत्रबाट सहयोग हुने विश्वास व्यक्त गर्दछु । प्रमुख अतिथी , अतिथी गण , गाउँ सभाको अध्यक्ष ज्यु , सभाको सम्पुर्ण सदस्य ज्युहरु , असहज परिस्थितीमा पनि यस गाउँ सभामा उपस्थित भई गाउँपालिकाको विकासमा देखाउनु भएको चासो र अमुल्य सुझावको लागी धन्यबाद व्यक्त गर्न चाहन्छु । अन्तमा गाउँपलिकाको समग्र विकासमा महत्वपुर्ण योगदान पुर्‍याउनुहुने नेपाल सरकार माननीय मन्त्री ज्यु , प्रदेश सभाका माननीय ज्युहरु , प्रदेश योजना आयोगका उपाध्यक्ष ज्युमा , वहाँहरुको योगदानको कदर गर्दछ साथै विभिन्न राजनैतिक दल , गाउँपालिका अर्न्तगतका सम्पुर्ण कर्मचारी , सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरु , नागरिक समाज , आम संचार माध्यमहरु तथा सम्पुर्ण गौरीशंकर गाउँपालिका बासीहरुको सकारात्मक प्रयासबाट मात्र सम्वृद्ध गौरीशंकर गाउँपालिकाको निर्माणमा सहयोग हुने अपेक्षा सहित हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यबाद** जय गौरीशंकर ,